टी.बी. बुलेटीन

नेपाल क्षयरोग निवारण संस्था

कालिमाटी, काठमाडौँ

६२ औं राष्ट्रिय क्षयरोग नियन्त्रण दिवस विषेशांक - मंसिर १३, २०७२

शुभकामना

२०१० साल श्रावण महिनामा भुत-पूर्व प्रधानमन्त्री स्व.मातृका प्रसाद कोइराला तथा अन्य ९ जना समाजसेवी महानुभावहरुको सहृदयी विचारले आकार प्राप्त गरी वि.सं २०२० साल मंसिर १३ गतेका दिन स्व. राजा महेन्द्रबाट विधिवत समुद्घाटन भएको यस नेपाल क्षयरोग निवारण संस्थाले आज आफ्नो ६ दशक भन्दा लामो र अर्थपूर्ण यात्रा तय गरी ६२ औं वर्षमा आफ्ना कदमहरु राख्दै गरेको अवसरमा संस्थाको अध्यक्षको नाताले यस संस्थाको यात्रालाई सफल पार्न आफनो प्रत्यक्ष वा परोक्ष योगदान पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरुमा म आफनो सहृदयी धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

तत्कालिन अवस्थामा नेपाल क्षयरोग निवारण संस्थाको सम्बन्ध, मात्र क्षयरोगसंग भए पनि हालका वर्षहरुमा आएर क्षयरोग लगायत श्वासप्रश्वाससंग सम्बन्धी स्वास्थ्य एंव HIV/AIDS जस्ता रोगहरुसंग समेत जोडिन पुगेको छ ।

विश्वमा आएका विंहगम परिवर्तन संगै नेपाली समाज पनि अगाडि बढ्दै गएको अवस्थामा क्षयरोग एउटा आम स्वास्थ्य चुनौति भै रहनु हामी सबैका लागि चिन्ता एंव चासोको विषय हो । राज्य पक्षबाट यस रोगको निदान, उपचार एंव उन्मुलनका लागि गरिएका प्रयास संगै नेपाल क्षयरोग निवारण संस्थाको समेत अहम् भूमिका रहदै आएको यथार्थ सबै समक्ष घाम जत्तिकै छर्लङ्ग छ । नेपाल क्षयरोग निवारण संस्थाबाट भएका प्रयासहरु यस रोगसंग आवद्ध सम्पूर्ण समाजसेवी, स्वास्थ्यकर्मी, अनुसन्धानकर्ता, विशेषज्ञ एंव यस रोग विरुद्धको संघर्षमा सानै भएपनि योगदान पुऱ्याउने सम्पूर्ण महानुभावहरुका साझा प्रयासहरु हुन् । जवसम्म समाजका सम्पूर्ण सदस्यहरु रोग प्रति सचेत हुदैनन् तब सम्म यो रोग लगायत अन्य सबै रोगहरु हाम्रा लागि चुनौतीका रुपमा रही रहने छन् । यसै तथ्यलाई मध्यनजर गर्दै विश्व स्वास्थ्य संगठनले यस वर्षको लागि "Reach, treat and cure all those who are ill with TB Today" अर्थात यस रोगबाट पिडित सबै समक्ष पुगौं र ती सबैलाई उपचार गरी निको पारौं भन्ने नारा सार्वजनिक गरेको छ ।

यस नाराको प्रमुख आशय समाजका प्रत्येक व्यक्तिले क्षयरोगको निर्मुलिकरणमा योगदान पुऱ्याउन सकुन् भन्ने पनि हो । नेपाल क्षयरोग निवारण संस्थाको यस ६२औं जन्म दिवसको पावन अवसरमा,यस रोग बिरुद्धको संघर्षमा आवद्ध सबै जनमा यही अनुरोध गर्दै तपाईं हामी सबैको सहयोगले नेपाली समाजलाई क्षयरोग मुक्त पार्न सकौं भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।

देवेन्द्र बहादुर प्रधान

अध्यक्ष

Attention Please!!!

3rd International Conference of South East Asian Region (SEAR) of The Union to be held in Kathmandu:

The Central Committee of NATA, held under the chairmanship of Mr. Devendra Bahadur Pradhan, the president of SEAR and the President of Nepal Anti Tuberculosis Association on 8th November has fixed the conference date for the 3rd International Conference of International Union Against Tuberculosis and Lung Disease, South East Asian Region(SEAR). It has been decided that the three day conference will start on 24 and conclude on 26th of April, 2016. The meeting has decided to request all the stakeholders to participate in the conference and make it a grand success. All the necessary preparations for the conference are underway and it is hoped that the 3rd conference will be a milestone in tracing new technologies and methods in preventing and diagnosing TB, other lung diseases and HIV in the days ahead. The three day conference will be hosted by Nepal Anti Tuberculosis Association(NATA).

सम्पादकीय

मानव समाजले स्वास्थ्य क्षेत्रमा ल्याएका निदान, औषधी तथा उपचारका नयाँ र असरदार आयामहरु संगै रोगहरु पनि त्यतिनै घातक र रोगका किटाणुहरु समेत त्यति नै औषधी प्रतिरोधी बन्दै गएको तितो यर्थाथ हामी सबै समक्ष स्पष्ट छ । क्षयरोग मात्रको कुरा गर्दा पनि आज भन्दा झण्डै १३३ वर्ष अगाडि जर्मन वैज्ञानिक डा. रोबर्ट कक्ले क्षयरोगको किटाणु Mycobacterium tuberculosis पत्ता लगाई सकेका थिए र यस विरुद्धको औषधी Streptomycin समेत आज भन्दा झण्डै ७० वर्ष भन्दा पनि पहिले पत्ता लागि प्रयोगमा आई सकेको थियो । यी सबैका बाबजुत हालसम्म पनि क्षयरोग एउटा विश्व चुनौतीका रुपमा रहिरहनु सम्पूर्ण मानव समाजको लागि दुर्भाग्यको विषय हो । औषधी र उपचार प्रक्रियाको विकासले हाल हामी संग क्षयरोग विरुद्धका झण्डै बीस भन्दा बढी प्रकारका औषधीहरु भए पनि यो रोग समेत MDR अनि XDR गर्दै अझै चुनौती पूर्ण बन्दै गएको यर्थात पनि छ । धेरै चर्चामा आउन नसकेको तर सुसुप्त अवस्थामा मानव शरीर भित्र रहीरहने Latent TB ले समेत चुनौतीहरु थप्दै जाने सम्भावना उत्तिकै प्रवल छ ।

अन्य खाले रोग भन्दा सर्ने अवस्थाको कुरा गर्दा TB रोग अति शीघ्र फैलन सक्ने हुन्छ । आफैलाई रोग लागि सकेको तर थाहा नपाएको, स्वस्थ्य देखिने व्यक्तिले समेत यस रोगको नजानिदो तवरले प्रसार गर्न सक्छ ।

*यी सम्पूर्ण तथ्यहरु र घटनाक्रमहरुको विश्लेषणबाट जवसम्म समाजका सम्पूर्ण व्यक्तिहरु स्वास्थ्य प्रति सचेत एंव क्षयरोग जस्ता महामारी प्रति पूर्ण रुपले चनाखो हुदैनन् तबसम्म मानव समाजले यो वा त्यो रुपमा क्षयरोगलाई झेलिरहनु पर्ने देखिन्छ । अतः समाजका कुनै पनि व्यक्तिले मलाई होइन अरु कसैलाई हो क्षयरोग लागेको भनि ढुक्क भै बस्नु पर्ने अवस्था छैन । यस रोगको बारेमा आफूले जानेका कुरा अरुलाई सिकाउने र नजानेका कुरा जान्नेहरुबाट सिक्दै जाने पनि प्रत्येक सचेत नागरिकको कर्तव्य हुन जान्छ । त्यसैले होला विश्व स्वास्थ्य संगठनले यस वर्षको नारा समेत **"छुटेका सबै क्षयरोगका विरामीलाई खोजौं: उपचार गरि निको पारौं"** सार्वजनिक गरेको छ । यस प्रकार छुटेकाहरुलाई खोज्ने र उपचारसम्म ल्याउने कुरा त्यतिबेला मात्र पूर्ण सफलता तिर उन्मुख हुन्छ, जब सबै व्यक्तिहरु रोगप्रति सचेत हुन्छन् ।*

नेपाल क्षयरोग निवारण संस्थाको यस बुलेटिनले समेत सचेतना फैलाउने काममा केही मात्रामा भए पनि योगदान गर्न सकोस् भन्ने धेय राखेको छ । यस बुलेटिनको माध्यमबाटै क्षयरोग निवारण संस्थाको केन्द्रीय कार्यालय, जिल्ला शाखाहरु एंव आवद्ध सबैसंग संस्था र व्यक्ति विशेषबाट क्षयरोग निवारण सम्बन्धी भए गरेका क्रियाकलापहरुलाई तपाई पाठक वर्ग समक्ष पुर्‍याउने कार्य हुदै आएको छ ।

नेपाल क्षयरोग निवारण संस्था नेपालको क्षयरोग निवारण गतिविधिमा एउटा जेष्ठ एंव अग्रणी संस्था हो । टी.वी.बुलेटिनको यो संस्करण संस्थाको ६२ औं जन्मदिवसको पुनित अवसरको विशेषांकका रुपमा तपाईहरु समक्ष पुऱ्याउन पाएकोमा सम्पादन मण्डल अति हर्षित भएको छ । संस्थाले आफनो ६ दशक भन्दा लामो यात्रा सफलतापूर्वक पुरा गर्न सकेकोमा संस्थालाई आफनो बधाईज्ञापन गर्दै आगामी यात्रा अझ बढी फलदाई र सफलतम बन्दै जाओस् भन्ने शुभकामना समेत यसै बुलेटिन मार्फत व्यक्त गर्दछौ । टी.वी बुलेटिनको यस वर्षको नियमित अंक २ समेत समयमा तपाईहरु समक्ष पुर्‍याउने वाचाका साथ सबै आवद्ध पक्षहरुसंग आफू वा आफ्नो संस्थाद्वारा गरिएका क्रियाकलापहरुको विवरण तथा सम्बन्धीत लेख रचनाहरु हामीलाई उपलब्ध गराई दिनु भै यस बुलेटिनलाई अझ बढी उपयोगी बनाउन सहयोग गरि दिनु हुन विशेष अनुरोध गर्दछौ । अन्त्यमा नेपाल क्षयरोग निवारण संस्थाको क्षयरोग विरुद्धको यस महायज्ञमा सदाझैं सबै पक्षबाट सहयोग, सद्भाव र प्रेरणा मिल्दै जाओस् भन्ने कामना गर्दछौ ।

धन्यवाद ।

नेपाल क्षयरोग निवारण संस्था राष्ट्रिय क्षयरोग नियन्त्रण दिवस एक सन्दर्भ

देवेन्द्र बहादुर प्रधान

आदिकालदेखि क्षयरोग विभिन्न मुलुकमा विभिन्न नामबाट परिचित भएको पाईन्छ । यसरी विभिन्न नाम दिए ता पनि यसमा देखा पर्ने लक्षणहरु भने एउटै किसिमका हुन्छन् । विगतमा यो रोग लागेपछि अन्धविश्वासको आधारमा विविध उपाय गर्ने चलन पाइन्थ्यो । तर सन् १८८२ मार्च २४ का दिन जर्मन डाक्टर रबर्ट कक्ले क्षयरोग एक किटाणुबाट हुने रोग भनि क्षयरोगको किटाणु पत्ता लगाएपछि यस रोगको उपचारमा कोल्टे फेरियो ।

अहिले वैज्ञानिक अन्वेषणले क्षयरोग कुनै पनि बेला कसैलाई पनि हुन सक्दछ र यसका किटाणुहरु जहाँ तहि सर्वत्र फैलिएका छन् भने धारणा व्याप्त छ । यसैले नेपालमा पनि यस रोगको निदान तथा उपचार गर्न उपचार केन्द्रहरुको संस्थागत विकास गर्ने प्रयास भए र राणा प्रधानमन्त्री चन्द्र शम्सेरको पालामा उपचार केन्द्र खोल्ने प्रयास थालनी भएता पनि प्रधानमन्त्री भीमशम्सेर, त्यसपछि प्रधानमन्त्री जुद्ध शम्सेर गरी तीन प्रधानमन्त्रीको प्रयास पछि सन् १९९१ सालमा टोखा स्वास्थ्य निवासको जन्म भयो ।

यसै गरी २००७ साल पौष १५ गते काठमाडौं महाबौद्ध स्थित वीर अस्पतालको भवनको एउटा सानो भवनमा उरचिकित्सालय (Central Chest Clinic)स्थापना भयो । यसरी सरकारी क्षेत्रबाट यी दुई अंगको शुरुवातको तीन वर्षपछि जनस्तरबाट यस रोगको नियन्त्रण गर्न संस्थागत श्री गणेश भयो ।

नेपालमा क्षयरोग विरुद्ध संघर्ष गर्ने कदममा साथ दिने उद्देश्यले तत्कालिन प्रधानमन्त्री मातृका प्रसाद कोइराला लगायत दशजना डा. यज्ञराज जोशी, कमल राणा, डा. जितसिंह मल्ल, कमल शाह, डा. रघुवर बैद्य, रमेश कुमार शर्मा, डा दिनेशानन्द वैद्य, श्री त्रिपुवर सिं प्रधान र रत्न बहादुर विष्ट जस्ता समाज सेवीहरुको सक्रियतामा २०१० साल श्रावण ४ गते नेपाल क्षयरोग निवारण संस्थाको स्थापना गरियो ।

यस संस्थाको जन्म भएको दश वर्षमा अर्थात २०२० साल मंसिर १३ गते तत्कालिन श्री महाराजधीराज महेन्द्र विक्रम शाहदेवबाट विधिवत् समुद्घाटन भयो । यसैले प्रत्येक वर्ष मंसिर १३ गते राष्ट्रिय क्षयरोग नियन्त्रण दिवसको रुपमा मनाईदै चेतना अवसरको दिनको रुपमा स्मरण गर्ने गरिदै आएको छ । यस वर्ष हामी ६२औं राष्ट्रिय क्षयरोग नियन्त्रण दिवस मनाईरहेको छौं ।

संस्थाले पछि आएर २०२९ सालसम्म सरकारसंग समन्वय

बाँकी पृष्ठ ६ मा

प्रधानसम्पादक
श्री मदन काजी श्रेष्ठ
(महासचिव)

सम्पादक मण्डल
श्री मदन गोपाल मैनाली
(उप-महासचिव)
श्री महेन्द्र गोपाल कर्माचार्य
(उप-कोषाध्यक्ष)

सहयोगी
लाल मणि जोशी
अनु थापा मगर

प्रकाशक
नेपाल क्षयरोग निवारण संस्था
कालिमाटी, पो.ब.नं. १४९४, काठमाडौं
फोन नं.: ४२७५३९५, ४२७६४५१, फ्याक्स: ४२७००१९
Email: nata@antitb.wlink.com.np
website: www.antitb.org.np

ओत्सुका पुरस्कार: एक परिचय

ओत्सुका पुरस्कार नेपाल क्षयरोग निवारण संस्थाद्वारा संस्थासंग आवद्ध आफनो क्षेत्रमा विशेष योगदान पुऱ्याउने हुने समाजसेवी, अनुसन्धानकर्ता, संचारकर्मी र संस्थाका कर्मचारीहरु एवं जिल्ला शाखाहरुलाई वार्षिक रुपमा विशेष अवसर पारि प्रदान गरिने एउटा गरिमामय पुरस्कार हो । निश्चित नगद रकम, प्रशंसा पत्र वा दोसल्लाको साथ प्रदान गरिने यस पुरस्कारको स्थापना मित्र राष्ट्र जापानको चिवा प्रान्त स्थित CHIBA Women's Association को तत्कालिन अध्यक्ष, स्वयंसेवी श्रीमती मित्सु ओत्सुकाद्वारा आफ्ना स्वर्गीय पती श्री केन्जी ओत्सुका (Late Kenji Ohtsuka)को सम्झनामा स्थापना गरिएको हो । स्वर्गीय Kenji Ohutsuka को स्मृतिलाई चीर स्थाई राख्ने र नेपाल क्षयरोग निवारण संस्था (NATA) र जापान क्षयरोग निवारण संस्था (JATA) विचको सुमधुर मैत्रि सम्बन्ध युगौ युग कायम रहिरहोस भन्ने पवित्र उद्देश्य र भावनाले प्रेरित भै स्थापित यस पुरस्कार श्रीमती मित्सु ओत्सुकाले नेपाल क्षयरोग निवारण संस्थालाई उपलब्ध गराएको जापानी यन पाँच लाख बराबरको राशी ओत्सुका पुरस्कार कोषको नामले वैंकमा राखी सो वापत आउने व्याजबाट संचालित हुन्छ ।

उक्त कोषको संचालन तथा व्यवस्थापन एंव पुरस्कारको व्यवस्थित वितरणका लागि नेपाल क्षयरोग निवारण संस्थाले वि.सं २०६७ मा एक विनियमावली पारित गरी लागु गरेको छ । उक्त विनियमावलीले पुरस्कारको प्रेरणात्मक, गरिमामय एंव न्यायोचित वितरण होस भन्ने हेतुले संस्थाका अध्यक्ष वा निजले तोकेको व्यक्तित्वको संयोजकत्वमा एक ६ सदस्यीय पुरस्कार सिफारिस समितिको समेत व्यवस्था गरेको छ ।

वि.सं २०६१ साल देखि प्रत्येक वर्ष नेपाल क्षयरोग निवारण दिवस (NATA Day) मंसिर १३ गतेको अवसरमा घोषणा भै उल्लेखित वर्गमा केन्द्रीय अधिवेशनको अवसर पारी प्रदान गरिदै आएको उक्त पुरस्कार हालसम्म निम्नानुसार महानुभावहरु र संघसंस्थाहरुले ग्रहण गरि सकेका छन् ।

Recipients of the Ohtsuka Prize so far

Year	Social Workers/ Social Associations	District Branches	Media/Journalists	Staff
2061	-Mr. Torendra Man Singh Pradhan,President NATA Morang Branch -Mrs. Madhuri Sharma, President NATA Banke Branch	-Parsa District	_	-Sunil Amatya, Morang -Shiva Shrestha, Sunsari -Sanu Bajra, Central Office
2062	-Mr.Bed Prasad Kozu,President NATA Kavre Branch -Mr. Kajilal Dangol, President NATA Jhapa Branch	-Lalitpur District -BhaktapurDistrict -Chitwan District	_	-Sushil Khadka (Central) -Urmila Rawaut (GENETUP) -HelenManandhar(GENETUP)
2063	-Mr. Shanker Prasad Deepak President, Saptari Branch -Mr. Krishna Bdr. Shrestha President, Kaski Branch	-Palpa District -Bara District	-Mr. Bal Ram Pyasi	-Nem Mitra Shrestha (Genetup) -SanuKaji Maharjan, Central
2064	-Hari Prasad Giri, President Parsa District -Indra Prasad Shrestha, -Vice President, Central Office -Dr. Narayan Govinda Amatya, Director,Kalimati Chest Hospital	-Rautahat District -Dhading District	-Chandra Mani Bhattarai	-Dr. Bhawana Shrestha,Chief Genetup Project -Hiranya Pratap Sangami, Programe Coordinator, Bhaktapur District -Uttam Bahadur Maskey, Central Office
2065	-Sudarshan Bahadur Shakya, Parsa District -Raj Kishore Yadav, President, Rautahat District -Bhim Raj Pathak, President, Chitwan District	-Jhapa District -Syanja District	_	-Dr. Nirmala Rai,Medical Officer, Kalimati Chest Hospital -Mira Pyari Shrestha,Lab Assistant, Genetup -Sarita Awale, Programme Co-ordinator,Lalitpur District
2066	-Dr. Gauri Shankar Lal Das,Senior Chest Physician -Santi Shrestha,Member, Banke District	-Kaski District -Morang District	-Arjun Bdr. Chhetri, Journalist/Dhanusa -Shilvia Raj Upadhyaya,Ujaylo F.M,Sanepa,Lalitpur -Ujaylo F.M. Sanepa, Lalitpur	-Mahila Maharjan, Central -Arjun Tripathi,Chitwan District

Year	Social Workers/ Social Associations	District Branches	Media/Journalists	Staff
2067	-Ms. Shova Shakya,Central Member,Palpa District		-Bhaktapur F.M . Bhaktapur	-Bhuddha Maharjan, Central -Balaram Chetri,Jhapa District
2068	-Mr.Rana Prasad Rana,Banke District	-Dhanusha District	_	-Bhagwan Maharjan,Genetup -Anu Thapa,Central -Sunita Tamrakar,Chest Hospital
2069	-Mr.Promod Kumar Paudel Treasurer, Parsa District -Nepal Scout Bhaktapur, Bhaktapur District	-Kapilbastu District	_	-Sabita Bhattarai (Gilal), Morang District Shilu Maharjan, Genetup Heera Lal Yadav, NATA
2070	-Dr. Ram Awatar Prd. Khetan, PresidentParsa District -Janaswastha Jagaran Tatha Chetana Swoyam Sewak Samaj	-Nuwakot District	_	-Ms. Kalpana Rimal, Central -Mr. Sanu Kaji Tandukar, Genetup
2071	-Late Shyam Sundar Shrestha,President,Nuwakot District -Mr. Ramesh Agrawal, Bara District	-Kavre District	-Mr. Surya Bohora Film Director of Kuhiro (TB related Film)	-Ms. Neela Deula, Central

ईन्जिनियरिङ्ग छात्रवृत्ति प्रदान

नेपाल क्षयरोग निवारण संस्था (NATA) र काठमाडौं ईन्जिनियरिङ्ग कलेज (KEC) वीच भएको सम्झौता अनुसार प्रत्येक वर्ष KEC ले नेपाल क्षयरोग निवारण संस्थाद्वारा शिफारिश गरिएका एक जना विद्यार्थीलाई ईन्जिनियरिङ्गमा स्नातक गर्न पूर्ण छात्रवृत्ति प्रदान गर्ने गर्दछ। उक्त छात्रवृत्ति प्राप्त गर्नको लागि उम्मेदवार बन्न संस्थाको कुनै पनि तहको कार्य समिति पदाधिकारी वा सदस्यको छोरा/छोरी वा एकाघरको सन्तान, संस्थाको सदस्यता प्राप्त गरि कम्तीमा ५ वर्ष पुरा गरिसकेका सदस्यको छोरा/छोरी वा एकाघरको सन्तान, संस्थाको कुनै पनि तहमा कार्यरत कर्मचारीको छोरा/छोरी वा जुनियर नाटामा रही कम्तीमा एक कार्यकाल काम गरेको हुनुपर्छ। साथै उक्त उम्मेदवारले तोकिएको विषय लिई तोकिए अनुसार प्राप्तांक प्रतिशत ल्याई कक्षा १२ उत्तीर्ण गरेको हुनाका साथै ईन्जिनियरिङ्ग अध्ययन संस्थामा (IOE) द्वारा लिईने प्रवेश परीक्षा उत्तीर्ण गरेको हुनु पर्ने हुन्छ । यस प्रकार आवश्यक योग्यता पुगेका व्यक्तिहरुले छात्रवृत्ति छनौट समितिमा दिएको निवेदन र प्राप्त प्रमाण(पत्र एंव छनौट समितिले लिने लिखित तथा मौखिक परीक्षामा प्राप्त गरेको योग्यताको आधारमा छात्रवृत्तिका लागि छनौट गरि शिफारिश गरिन्छ।

KEC छात्रवृत्ति २०७२/०७३ का लागि छात्रवृत्ति छनौट उपसमितिका संयोजक वेद प्रसाद कोजूको संयोजकत्वमा रौतहट जिल्ला शाखाका कोषाध्यक्ष श्री हेमन्त राय यादवकी सुपुत्री श्री सिखा यादवलाई यस वर्षको छात्रवृत्ति प्रदान गर्ने निर्णय गरिएको छ। यस वर्ष छात्रवृत्तिका लागि छनौट गर्न रौतहट र संखुवासभा गरी जम्मा २ वटा जिल्ला शाखाबाट नाम शिफारिश भई आएकोमा संखुवासभाबाट शिफारिश भएका उम्मेद्वारले आफू छनौट समितिबाट लिइने अन्तर्वाता/परीक्षामा उपस्थित हुन नसक्ने जानकारी दिएकोले रौतहट जिल्ला शाखाबाट शिफारिश भै आएका उम्मेदवार श्री सिखा यादवलाई नै छात्रवृत्तिका लागि छनौट गरिएको छ। उक्त निर्णय मिति २०७२ साल भाद्र १५ गतेका दिन गरिएको थियो। छात्रवृत्ति प्राप्त गर्ने हाम्रा मेधावी उम्मेदवार **सुश्री सिखालाई** हामी हार्दिक वधाई ज्ञापन गर्दछौं।

ग्लोबल फण्ड एक परिचय

ग्लोबल फण्डको आर्थिक सहयोग नेपालमा सन् २००२ बाट Malaria, HIV र क्षयरोगको राष्ट्रिय समर्थनबाट शुरु भएको हो। राष्ट्रिय समर्थनमा सरकारी र गैर सरकारी संस्थाहरुको पूर्ण सहयोग रहेको छ। यस आर्थिक सहयोग विशेष गरी निम्न कुरामा केन्द्रीत रहेको छ। जसअन्तर्गत:

१. स्वास्थ्य प्रणालीलाई बलियो बनाउने।
२. सामुदायिक प्रणालीलाई बलियो बनाउने
३. व्यवहार, परिवर्तन, संचार र सहस्राब्दी विकास लक्ष्यलाई योगदान पुऱ्याउने।
४. चिरकाल विरामी र जोखिम पूर्ण जनसंख्यामा उपचार, हेरचाहको विश्वव्यापी Coverage पुरा गर्न र समर्थन गर्ने।

विगतका वर्षमा यस संस्थाले गर्दै आएको ग्लोबल फण्डको कार्यक्रमको प्रमुख प्राप्तकर्ता (PR) राष्ट्रिय क्षयरोग केन्द्र रहेकोमा, यस वर्ष सोही कार्यक्रमको लागि Save the Children International (SCI) ले प्रमुख प्राप्तकर्ताको जिम्मेवारी पाएको छ। NATA र SCI वीच ग्लोबल फण्ड DR TB Management Programme अन्तर्गतका सम्पूर्ण कार्यक्रमहरु आउँदो असार मसान्तसम्म संचालन गर्नको लागि 16th July, 2015 मा संझौता भएको छ। उक्त हस्ताक्षरि तसम्झौतापत्र अनुसार दुवैपक्षको साझेदारीमा काठमाडौं, मोरंग, बाँके र सुर्खेत जिल्लाहरुमा क्षयरोग पहिचान, न्यूनिकरण तथा रोकथाम सम्बन्धी विविध गतिविधिहरु संचालन भैरहेका छन्। सम्झौतानुसार नेपाल क्षयरोग निवारण संस्थाले उच्च जोखिम तथा न्यून पहुँच भएका क्षयरोगी, शंकास्पद रोगीहरुको पहिचान, ओ.पी.डी तथा प्रयोगशाला व्यवस्थापन, रिफरल सेन्टरहरुको उचित व्यवस्थापन र राष्ट्रिय क्षयरोग कार्यक्रमसंग समन्वय लगायतका गतिविधिहरु अझ प्रभावकारी रुपमा संचालन गरी २०१६ सम्म केश पहिचान दरलाई ८५% तथा उपचार सफलतालाई ९०% पुर्‍याउन सहकार्य गरिनेछ। उक्त योजनाको अवधि 16th July, 2015 देखि 15th July, 2016 सम्म अर्थात वि.सं २०७२ श्रावण देखी वि.सं २०७३ अषाढ मसान्तसम्म रहनेछ। उल्लेखित कार्यक्रम सम्पन्न गर्न SCI बाट NATA लाई रु ५,६९,१८,४०० को बजेट निर्धारित गरिएको छ। उल्लेख गरिएको समयका अन्तरालको लागि काठमाडौंमा २४ जना कर्मचारी, सुर्खेत- ५ मोरंग १२, बाँके ५, टी.वी.नेपाल २३, गरी जम्मा ६९ जना कर्मचारी संलग्न रहेर कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाईरहेका छन्।

क्षयरोग नियन्त्रणमा देखिएका समस्याहरु

प्रमोद कुमार पौडेल

क्षयरोग स्वास्थ्य समस्याको रुपमा देखिएता पनि सरकारले क्षयरोग नियन्त्रणमा खासै चासो देखाएको देखिदैन । कसरी हुन्छ क्षयरागेलाई नियन्त्रण गर्न आवश्यक बहस गरी दीर्घकालिन रणनीति अपनाउनु पर्नेमा सरकारकै कमिकमजोरीले गर्दा क्षयरोग नियन्त्रण हुनुको सट्टा क्षयरोगीको सख्यामा झन वृद्धि हुदै गईरहेको छ । सरकारको ठोस रणनीति र स्वास्थ्य मन्त्रालयको व्यवस्थापकीय कमजोरीका कारणले क्षयरोग नियन्त्रणमा उदासिनता छाएको छ । यसको उदाहरणको रुपमा बैशाख १२ गते आएको भूईचालोलाई लिन सकिन्छ । भूईचालोले देश तहसनहस गऱ्यो, सिन्धुपाल्चोक, दोलखा, रामेछापलाई मरुभूमिमा परिणत गऱ्यो भने त्यहाँका जनता विस्थापित भए । छिमेकी जिल्ला तथा काठमाडौमासमेत आश्रय लिन ओइरिए र आज पनि कतिपय ठाउँमा अस्थायी शिविरमा कस्टपूर्ण जीवनयापन गर्दै आएका छन् । त्यहाँ डट्स विधिद्धारा औषधि सेवन गर्ने क्षयरोगीहरु पनि छन् । तर त्यस्तो अवस्थामा स्वास्थ्य मन्त्रालयले क्षयरोगीलाई आवश्यक निगरानी गर्दै भूकम्प प्रभावित जिल्लामा घरदैलो तथा शिविरमा स्वयम्सेवक खटाई औषधि सेवनलाई निरन्तरता दिनु पर्थ्यो तर सरकारको गैरजिम्मेवारीपनले गर्दा कतिपय क्षयरोगीले औषधि सेवन गर्न पाएनन र एम.डि.आर. जस्ता क्षयरोगका किटाणु आफ्नो शरिरमा पाल्दै जीवनमा मृत्युको पर्खाईमा बसेका छन् । अर्को सन्दर्भलाई हामीले केलाउदा, दातृ राष्ट्रले क्षयरोगमा गर्दै आएको सहयोग केहि वर्षदेखि ह्वातै घटाएको छ । किनभने स्वास्थ्य क्षेत्रमासमेत राजनीतिको हस्तक्षेप बढदै जादाँ तथा दातृ राष्ट्रले पठाएको सहयोगको सहि सदुपयोग नहुदा सहयोगमा कटौति हुदै गएको मान्न सकिन्छ । यसतर्फ स्वास्थ्य मन्त्रालयको खासै चासो देखिएको छैन ।

अर्को पाटाबाट हामीले नियाल्दा, जति जति मानिसमा चेतनाको विकास थपिदै गईरहेको छ, त्यति त्यति क्षयरोगले मानिसको जीवनचक्रलाई प्रभाव पारेको यथार्थलाई हामीले नकार्न सक्दैनौ । पहिले साधारण खालको क्षयरोगले मानिसलाई सताउथ्यो भने आजको परिवेशमा जटिल अवस्थाको क्षयरोग (MDR तथा XDR)ले मानिसको मृत्यु दर ह्वातै बढाई दिएको छ । किनभने साधारण खालको क्षयरोग भन्दा MDR र XDR का विरामी बाँच्ने प्रतिशत कैयौ गुणा न्यून हुन्छ । यस्ता विरामीले लामो समयसम्म डट्स विधिद्धारा औषधि सेवन गर्नु पर्ने अवस्थाबाट गुज्रिदासमेत बाँच्ने प्रतिशत कम हुनु भनेको स्वास्थ्य मन्त्रालयप्रति पेचिलो प्रश्न तेस्रिएको हो । यो यथार्थबाट स्वास्थ्य मन्त्रालय पन्छिन सक्दैन ।

आजको समस्या MDR-TB (Multi Drug Resistant) अर्थात बहु-औषधि प्रतिरोधी क्षयरोगको हो । MDR हुनुको प्रमुख कारण साधारण खालको क्षयरोगमा लापरवाही गर्नु हो । जस्तै क्षयरोगको उपचार गर्दा गर्दै बीचमा औषधि खान छोड्नु, डट्स क्लिनीकमा पर्याप्तमात्रामा औषधिको आपूर्तिमा व्यवस्थापनको कमजोरी, सरकारले जनचेतनाद्धारा मानिसलाई सचेत गर्न नसक्नु र जिल्ला जनस्वास्थ्यले क्षयरोग नियन्त्रणमा देखाएको उदासिनता छन् । यस्ता कारणले गर्दा एमडिआरका विरामीको सख्यामा वृद्धि हुदै गईरहेको छ । यस प्रति स्वास्थ्य मन्त्रालयले घोल्लिनु अवश्य पर्छ । सरकारको एक्लो प्रयासलेमात्र क्षयरोग नियन्त्रण गर्न सकिदैन जबसम्म संघसस्थाहरुले एक्यवद्धता जनाउदैनन् । क्षयरोग नियन्त्रण गर्न संघ सस्थाहरुको भूमिका अपरिहार्य रहेको छ । दातृ राष्ट्रबाट आउने कार्यक्रमलाई जनता समक्ष पुऱ्याउन स्वास्थ्य मन्त्रालयले संघ सस्था छनौट गर्दा पारदर्शिता अपनाउनुको साथै पुराना संघ सस्थाहरुलाई नै मान्यता दिई क्षयरोग नियन्त्रणलाई मूर्तरुप दिन सकिन्छ । यसमा सरकारले राजनीतिक दाउपेचभन्दा पनि नागरिकको जीवनप्रति गम्भीर हुनुपर्छ । नयाँ नयाँ देखापरेका संघ सस्थाको सख्यात्मकभन्दा पनि गुणात्मक वृद्धि प्रिति सरकारले चासो लिनु पर्छ । क्षयरोगको अवस्था मात्र प्रकाशित गरी सरकारले जिम्मेवारीबाट पन्छिन मिल्दैन, त्यसको लागि सरकारले कसरी हुन्छ क्षयरोग नियन्त्रण गर्न चुनौतिपूर्ण बहसको पैरबी पनि गर्नुपर्छ । विभिन्न कार्यक्रम जनता समक्ष पुऱ्याउनु पर्छ, जनचेतनाले प्रत्येक नागरिकलाई सचेत गराउनुपर्छ, प्रभावकारी तरिकाले नियन्त्रण गर्न सबैको सहयोगको अपेक्षा गरिनुपर्छ ।

डट्स क्लिनीक क्षयरोगीको पहुचमा हुनुपर्छ, साधारण खालका क्षयरोगीलाई पोषण भत्ता, MDR का विरामीको भत्तामा वृद्धि, क्षयरोगीलाई रोजगारको व्यवस्था र क्षयरोगीका बालबालिकालाई छात्रवृद्धिसमेतको रणनीति अप्नाउनु पर्छ । क्षयरोग नियन्त्रणमा जिल्ला जनस्वास्थ्यको काम कार्यवाही फितलो भएको हुनाले यस्ता जनस्वास्थ्य कार्यालयलाई अनुगमनसमेत गर्नुपर्छ । यस्ता मनोवृति सरकारले व्यवहारमा कार्यान्वयन गरेमा भोलिका दिनमा देशबाटै क्षयरोग नियन्त्रण हुन सक्दछ । यसमा पर्याप्त बहस र नीतिगत हस्तक्षेपको खाँचो छ ।

लेखक नेपाल क्षयरोग निवारण संस्था, पर्सा शाखाका सचिव हुन् ।

जेनेटप (GENETUP)

नेपाल क्षयरोग निवारण संस्था र जर्मनको KuratoriumTuberkulose in der welt e.V संस्थाको संयुक्त सम्झौता अनुरुप सन् १९८६ मा यस जेनेटप परियोजनाको स्थापना भएको हो । हाल संचालित डट्स प्रविधिको कार्यक्रम दक्षिण एसियामा सबै भन्दा पहिले यहि परियोजनामा शुरु भएको हो । स्थापना कालदेखिनै यस परियोजनाले शंकास्पद क्षयरोगी बिरामीहरुको स्वास्थ्य परीक्षण, रोग निदान, रोगको उपचार, अर्न्तराष्ट्रिय स्तरको ल्याव सेवा तथा क्षयरोगको व्यवस्थापन गर्दै आईरहेको छ । परियोजनाद्वारा संचालित प्रयोगशाला WHO बाट मान्यता प्राप्त Reference Lab हो । यस ल्यावको

बाँकी पृष्ठ ७ मा

REQUEST FOR PARTICIPATION IN THE 3rd SEAR CONFERENCE-2016

Dear Friends and Colleagues,

I'd feel greatly privileged to invite you to the 3rd Conference of The Union, South East Asian Region (SEAR) scheduled to be held from 24th to 26th of April, 2016 here in the historic city of Kathmandu, the capital of Nepal. The Conference is organized by Nepal Anti Tuberculosis Association (NATA), a non-governmental, non-profit making organization devoted to prevention, cure and diagnosis of TB and Lung diseases. It's a crucial time for SEAR as we continue to grow and adapt, remaining always adaptable, motivated and responsive to the mission of relieving from and protecting our people against Tuberculosis, HIV and several lung diseases in the region. We have been confronting a time of many changes in our field and are trying to meet these changes during a time of larger nation-wide and global change. The conference is sure to be a rare opportunity to share the experiences, formulate new strategies and to inspire more and more health professionals, researchers, social workers, the governments, INGO'S and NGO'S towards our common goal of prevention, cure and surveillance of the pandemics mentioned and to ensure SEAR remains at the cutting edge.

Further information on what you can expect and what we hope to achieve from the three day conference will be relayed to you later on.

Our partners round the globe have continued to meet the challenges of our field and to excel despite numerous setbacks. As in previous conferences, we expect a great participation of medical professionals, researchers, social workers, government officials and representatives of NGO's and INGO's. The strong participations from all the concerned quarters and impressive list of abstracts from our experts and resource persons are sure to make the conference a productive educational experience for the delegates and give insight into new approaches for the prevention, cure and diagnosis of TB & Lung diseases posing health challenges in our region as well as the whole world.

Before I close, I'd like to assure you that we are confident to make your stay in Kathmandu pleasant, convenient and worthwhile. The registration and travel booking will be made most simple and hassle free.

Every delegate shall be entitled to facilities like airport and venue transfers, lunches and social functions.

We hope you will make an early decision to join the historic the 3rd conference of The Union, South East Asia Region. I, my colleagues and my fellow country dwellers welcome your presence and anticipate your visit. Thank you.

Devendra Bahadur Pradhan
President
The Union (South East Asian Region)

पृष्ठ २ को बाँकी

गर्न सके र प्रभावकारीता आउन सक्ला भन्ने हेतुले तत्कालिन सरकारको स्वास्थ्यमन्त्रीलाई पदेन अध्यक्ष गराउने परिपाटी बसाल्यो । तर यस परिपाटीले कार्यक्रमको प्रभावकारीता र विस्तृतीकरणमा खास टेवा पुर्‍याउन सकेन । यस १९ वर्षको लामो अवधिमा केवल मोरङ्ग र पर्सा गरी दुई वटा शाखा मात्र गठन हुन सक्यो । यसैले २०२९ सालमा संस्थाले निति तर्जुमा गरी स्वास्थ्यमन्त्री पदेन अध्यक्ष हुने र संस्थाको दैनिक कार्य संचालन गर्न सभापति र कार्यकारिणी सदस्यहरुको निर्वाचन गर्ने व्यवस्था भयो।

वि.सं २०३५ सालमा त्यसबेला व्यवस्था भएको सामाजिक सेवा राष्ट्रिय समन्वय परिषदको नयाँ विधान स्वीकृत भएपछि जिल्ला शाखाको प्रतिनिधिहरुको माध्यमबाट केन्द्रीय कार्य समितिको निर्वाचन गर्ने व्यवस्था भयो र शाखाको विस्तार गरी सर्वप्रथम २०३६ सालमा विभिन्न जिल्ला शाखाहरुको प्रतिनिधित्व गराई ललितपुरमा प्रथम केन्द्रीय अधिवेशन सम्पन्न भयो । यसै समितिको निर्वाचनद्वारा पहिलो केन्द्रीय कार्य समिति गठन भयो । त्यसबेला देखि प्रत्येक वर्ष जिल्ला शाखाको प्रतिनिधित्व गराई केन्द्रीय अधिवेशन र प्रत्येक ४ वर्षमा निर्वाचन हुने व्यवस्था कायम छ । हालसम्म यस संस्थाको हिजोको ईतिहासलाई हेर्ने हो भने संस्थाको स्थापना पछि पहिलो शाखाको रुपमा स्थापित मोरङ्ग जिल्ला शाखाले २०१६ सालमा वहिरंग सेवा शूरु गरी क्षयरोग नियन्त्रणमा आफ्नो पाईला सारेका थियो ।

नेपाल क्षयरोग निवारण संस्थाले घुम्ती एक्सरे सेवा, २००३ सालमा कालिमाटीमा वहिरंग सेवा र २०२७ सालमा आएर कालिमाटी चेष्ट अस्पतालको सेवा शूरु गर्‍यो । यसपछि काठमाडौं बसि क्षयरोगको उपचार गर्न सुविधा पुगोस् भन्ना खातिर संस्थाको केन्द्रीय कार्यालय कालिमाटीको हाताभित्र २०३३ सालमा क्षयरोगी विरामीहरुको लागि २० शैयाको आवासगृह शूरु गरियो र उक्त आवासगृह पनि बिरामीको चापलाई ध्यानमा राखि अस्पताल सेवाकै रुपमा परिणत भयो । संस्थाका यी सेवाका कार्यहरुको साथै क्षयरोगको नीति कार्यक्रम व्यवहारिक रुपमा र स्वदेशी तथा विदेशी विशेषज्ञहरुको अनुभवलाई संगाली कार्यक्रमहरु तय गर्ने उद्देश्यले संस्थाकै आयोजनामा विश्व स्वास्थ्य संघ एंव तत्कालिन सरकारको सहयोग लिई २०३५ सालमा काठमाडौंमा पहिलो राष्टिय टी.वी. कन्ट्रोल सेमिनार र २०३७ सालमा विराटनगरमा दोश्रो राष्ट्रिय क्षयरोग नियन्त्रण सेमिनारको आयोजना गरिएको थियो ।

संस्थाले आफनो स्थापनाकालदेखि देशमा क्षयरोग नियन्त्रण कार्यक्रम

सफल बनाउन सरकारले अपनाएका र संचालन गरेका कार्यक्रम र नीतिलाई सफल बनाउन संस्थागत रुपमा सहयोग पुर्‍याएको थियो भने अहिले पनि सरकारसंग राम्रो समन्वय कायम गरी प्रतिकारात्मक र उपचारात्मक सेवा संचालन गरी सहयोग पुर्‍याउदै आएको छ ।

संस्था अन्तराष्ट्रिय क्षयरोग विरुद्धको संगठन ईन्टरनेशनल यूनियन एगेन्ष्ट ट्यूबरक्लोसिस एण्ड लङ्गस डिजिज(The Union को सदस्य भएकोले यस संस्थाको आयोजनामा २२ राष्ट्र रहेको आइ.यू.ए.टी.एल.डी को क्षयरोग विरुद्धको १४औं अन्तराष्ट्रिय क्षेत्रिय सम्मेलन सन् १९८५ मा र २२औं सम्मेलन सन् २००३ मा काठमाडौंमा सफलताका साथ सम्पन्न गरियो । उक्त अन्तराष्ट्रिय संस्थाको दक्षिण पूर्विय क्षेत्रिय संघमा २२ मुलुक सदस्य थिए भने २००५ मा पाकिस्तानमा भएको २३औं सम्मेलनले उक्त क्षेत्रिय संघलाई दुई भागमा विभाजित गर्ने निर्णय गरी हाम्रो क्षेत्रका ९ राष्ट्र सम्मिलित गरी The Union को दक्षिण पूर्विय संघको रुपमा २००६ देखि छुट्टै संस्था गठन भएको छ । सोही The Union को दक्षिण पूर्वि एशियाको क्षयरोग सम्बन्धी अन्तराष्ट्रिय सम्मेलन यस संस्थाको सक्रियतामा आउँदो अप्रिल २४,२५ र २६, सन् २०१६ मा काठमाडौंमा हुने भएको छ ।

संस्थाले २०२७ सालमा शूरु गरेको कालिमाटी चेष्ट अस्पतालबाट क्षयरोगी विरामीहरुलाई भर्ना गरी निरन्तर सेवा पुर्‍याउँदै आएकोमा आर्थिक समस्याको कारणले गर्दा यस अस्पताल संचालन गर्न ग्राहो भएकोले वि.सं २०५९ साल भाद्र १ गते ज्यादै दुःखद निर्णयका साथ केही समयको लागि कालिमाटी चेष्ट अस्पताल बन्द गर्नु पर्ने अवस्था आयो । तर अस्पताल बन्दले क्षयरोगी विरामीहरुलाई ज्यादै समस्या परेको महशुस गरी संस्थाले तत्कालिन सरकारसंग, सरकारले छुट्टै अस्पताल खोलेमा ठाउँ, भवन निर्माण र खर्च गरी धेरै आर्थिक भार पर्ने तर संस्थाको आफ्नै अस्पताल संचालन गर्न भवन र अरु भौतिक सुविधा भएकोले सरकारको कम आर्थिक सहयोगले पनि अस्पताल संचालन हुन सक्ने कुरा राखि स्वास्थ्य मन्त्रालयमा अस्पताल पुन संचालन गर्न संस्थाले पहल गर्‍यो । तर तत्कालिन सरकारको स्वास्थ्य मन्त्रालयले आश्वासन मात्र दिने र निर्णयमा ढिलाई गरी ३ वर्षसम्म अस्पताल बन्द गराउन बाध्य पारियो । देशमा लोकतन्त्रको वहाली पछि साच्चै, व्यवहारिक र सत्य रुपमा लोकतन्त्र संस्थाको कालिमाटी चेष्ट अस्पताललाई आयो । नेपाल सरकारले संस्थाको कालिमाटी चेष्ट अस्पताल पुन संचालन गर्ने निर्णय गरी संस्थालाई स्वास्थ्य मन्त्रालयबाट आर्थिक अनुदान प्रदान भएकोले २०६३ साल भाद्र १ गते पुनः कालिमाटी चेष्ट अस्पताल संचालन भयो । यो संस्थाको लागि ज्यादै गौरवको कुरा भयो र नेपाल सरकार स्वास्थ्य मन्त्रालयले आर्थिक वर्ष २०६३-६४ को कार्यक्रममा पनि कालिमाटी चेष्ट अस्पताललाई बजेट व्यवस्था गरायो । अहिले अस्पतालको लागि मन्त्रालयबाट हुने अनुदान राष्ट्रिय क्षयरोग केन्द्रबाट उपलब्ध हुने गरेको छ । संस्था नेपाल सरकार स्वास्थ्य मन्त्रालय र राष्ट्रिय क्षयरोग केन्द्र प्रति ज्यादै आभारी छ ।

नेपाल क्षयरोग निवारण संस्थाले सरकारको क्षयरोग नीति सफल बनाउन जर्मनीको क्यूराटोरियम ट्यूबरक्लोस गाउटिङ्गसंग साझेदारीता गरी सम्झौता साथ सन् १९८५ देखि जर्मन नेपाल क्षयरोग नियन्त्रण कार्यक्रम जेनेटप कार्यक्रम नामले स्वास्थ्य शिक्षा, बहिरंग सेवा, अत्याधुनिक भरपर्दो स्वास्थ्य प्रयोगशाला, डट्स क्लिनिक, डट्स प्लस सेवा, तालिम कार्यक्रम साथ निरन्तर रुपमा सफलताका साथ कार्यक्रम संचालन गर्दै आएका छौ । यस कार्यक्रमलाई हाम्रो मजबुत एंव दरिलो साझेदारिताले अझ नयाँ साझेदार हरुसंग समेत हातेमालो गरी यस कार्यक्रमलाई समय अनुसार नयाँ अन्वेषण र अनुभवहरुको आधारमा प्रभावशाली, विस्वस्त र भरपर्दो रुपमा सेवा विस्तार गर्दै जाने र सेवाहरु थप्दै लाने लक्ष राखि अगाडि बढिरहेको छ ।

संस्थाले रुपन्देहीको लुम्बिनी क्षेत्रमा सरकारको क्षयरोग नियन्त्रण कार्यक्रमलाई टेवा पुर्‍याउन स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीलाई केन्द्र बनाई "क्षयरोग नियन्त्रण कार्यक्रम लुम्बिनी रुपन्देही" अर्थात टी.सी.पी.एल.आर. नामले जापान क्षयरोग निवारण संस्था JATA संग सन् १९९३ मा सम्झौता गरी सन् २००३ सम्म अन्तराष्ट्रिय मापदण्ड अनुरुप सफलता साथ कार्यक्रम संचालन गरेको थियौ ।

यसरी संस्थाले आफनो ६२ औं वर्ष पूरा गरेको छ । यस अवधि भित्र संस्थाले शाखा विस्तार, स्वास्थ्य शिक्षा समुदायमा आधारित कार्यक्रम, विद्यालयमा आधारित कार्यक्रम, तालिम गोष्ठि, अन्तराष्ट्रिय र राष्ट्रिय सम्मेलन बहिरंग सेवा, अस्पताल सेवा, स्वास्थ्य प्रयोगशाला, एक्सरे सेवा, जेनेटप कार्यक्रम,टी.सी.पी.एल.आर कार्यक्रमहरु संचालन गरी राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रमलाई सफल बनाउन क्षयरोग नियन्त्रणमा आफनो महत्वपूर्ण योगदान दिदै आएको छ र भविष्यमा समेत अझ दरिलो ढंगले क्षयरोग नियन्त्रणमा लाग्ने दृढता साथ अघि बढि रहेको छ ।

यही 16thJuly,2015 देखि Save the Children Nepal PR भई यस संस्था SR को रुपमा रही संस्थाको केन्द्रीय कार्यालय कालिमाटी, नेपाल क्षयरोग निवारण संस्थाको, मोरङ्गको विराटनगर, नेपाल क्षयरोग निवारण संस्था, बाँकेको नेपालगंज र सुर्खेतमा डी.आर. होस्टेल संचालित छन् । साथै नेपालगंजमा टी.वी.रिफरल सेन्टर, संस्थाको हाताभित्र जेनेटप प्रयोगशाला, अस्पताल, र ग्लोबल फण्डबाट कार्यक्रम संचालित छन् । यसको लागि Save the Children Nepal प्रति आभार व्यक्त गर्दछु ।

क्षयरोग निको हुने रोग हुदाँ हुदै पनि यस माथि झन झन जटिलता थपिदै गएको छ । यसैले नेपाल सरकार, सम्बन्धीत निकाय, नेपाल क्षयरोग निवारण जस्ता सामाजिक संघ संस्था, स्वदेशी तथा विदेशी साझेदारीहरु र स्वास्थ्य क्षेत्र र सामाजिक क्षेत्रमा लाग्ने सम्पूर्ण नागरिक र नागरिक समाजले अझ दृढता साथ, समन्वयका साथ, हातेमालो गरी एक अर्कोलाई सहयोग गरी क्षयरोग विरुद्ध सक्रियता साथ लाग्नु पर्ने देखिन्छ ।

यस संस्थाले पनि उल्लेखित चुनौतीहरुलाई सामना गर्न केन्द्र र संस्थाका ३४ वटा जिल्ला शाखाहरु मार्फत विविध कार्यक्रमहरु संचालन गरी लागि रहेको छ ।

यसैले सबैमा क्षयरोग विरुद्धको अभियानमा हाम्रो संलग्नता अझ तिव्र बनाऔ, हाम्रा हाम्रो क्रियाकलापहरु र सक्रियता अझ चुस्तता साथ अघि बढाऔं भन्ने अनुरोध गर्दछु ।

सम्पूर्ण मानव जातीकै लागि स्वास्थ्य चुनौतिका रुपमा रही सबैलाई उत्तिकै क्षति पुर्‍याई रहेको यस रोग नियन्त्रणमा आआफनो तर्फबाट अझ सक्रियता साथ सहयोग पुर्‍याउन हुन सबैमा पुनः एक पटक अनुरोध गर्दछु ।

जेनेटप.....

Quality Control जर्मनका Gauting स्थित IML Supra National Reference Laboratory बाट नियमित रुपमा हुदैं आईरहेको छ । जेनेटप परियोजना नेपालको सबै भन्दा बढि विरामी उपचार गर्ने डट्स सेन्टर र डट्स प्लस सेन्टरको रुपमा समेत रहेको छ । जेनेटप WHO को Global Laboratory for Surveillance of Drug Resistance मध्येको एउटा ल्याव पनि हो । नेपाल भरिमा Pre-XDR and XDR रोग निदान गर्ने सेवा यस ल्याव वाहेक अन्यत्र छैन । सन् १९९६ देखि अहिले सम्म NTP कार्यक्रमवाट संचालन भएको Drug Resistance Survey मा भाग लिदैं आईरहेको छ । यसले अहिलेसम्म ६ पटकसम्म Drug Resistance Survey मा भाग लिईसकेको छ । यस परियोजना अन्तर्गत संचालित प्रयोगशालामा नेपाल अधिराज्य भरीका डट्स प्लसमा उपचारमा रहेका बिरामीहरको 2nd line drug resistance गरिन्छ ।

cont.....

यो परियोजना विभिन्न अनुसन्धान कार्यक्रममा पनि सहभागि हुदै आईरहेको छ । यस परियोजनावाट वार्षिक अन्दाजी निम्नानुसारको सेवाहरु प्रदान हुदै आईरहेको छ ।

ओ.पि.डि

१)	शंकास्पद विरामीहरुको परीक्षण	२५०० जना देखि ३२०० जना
२)	फलो अप विरामीहरुको परीक्षण	३००० जना देखि ३५०० जना
३)	क्षयरोग निदान	५०० जना देखि ६५० जना

प्रयोगशाला

१)	स्मेयर माईकस्कोपी	१५००० वटा देखि १७००० वटा स्लाईड
२)	कल्चर जाँच	५००० देखि ६०००
३)	रोग निदान	७०० जना देखि ८०० जना
४)	1st Line DST	६०० जना
५)	2nd line DST	२५० देखि ३५०

डट्स क्लिनीक । डि.आर क्लिनीक

१)	टि.वी.को उपचार	२५० जना देखि ३०० जना
२)	MDR, Pre XDR & XDR	५० जना देखि ६० जना

मथि उल्लेखित सेवाहरु राष्ट्रिय क्षयरोग कार्यक्रम अर्न्तगतका सम्पूर्ण विरामीहरुको लागि निःशुल्क रुपमा प्रदान गरिदै आएको छ ।

३१ औं जिल्ला सभा तथा पुरस्कार वितरण

२१ कार्तिक- नेपाल क्षयरोग निवारण संस्था जिल्ला शाखा भक्तपुरको ३१ औं जिल्ला सभाको उद्घाटन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका स्वास्थ्य सचिव शान्तबहादुर श्रेष्ठले गर्नुभयो ।

उक्त कार्यक्रममा मध्यपुर थिमि वडा नं. १२ निवासी बाबुकाजी साःछैं श्रेष्ठ तथा श्रीमती प्रभाकेशरी श्रेष्ठद्वारा स्थापित "क्षयरोग नियन्त्रण अभियान पुरस्कार-२०७२" यसवर्ष जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरमा कार्यरत जनक कुमारी ढकाललाई रू. ५ हजार नगद सहित प्रदान गरिएको थियो । भक्तपुरमा विगत १७ वर्षदेखि क्षयरोग नियन्त्रण अभियानमा जुटेका कमर्ठ कर्मचारीलाई पहिलो पटक पुरस्कार प्रदान गरेको संस्थाका सचिव राम सिख्वःले बताउनुभयो ।

कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि श्रेष्ठले विशम परिस्थितिमा पनि नेपाली जनताले गरेको धैर्यताको प्रंशसा गर्दै स्वास्थ्य क्षेत्रमा औषधीको अभाव नहोस् भनेर सरकारले सहज व्यवस्थापन गरिरहेको कुरा बताउनु भयो। सरकारका कर्मचारीहरुलाई सरकारले पुरस्कृत गर्नुपर्नेमा क्षयरोग संस्था जस्तो सामाजिक संस्थाले यसको शुरुवात गरेकोमा खुशी व्यक्त गर्नुभयो ।

संस्थाका सभापति बाबुकाजी श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा क्षयरोग नियन्त्रण अभियानमा सधै साथ दिई आफ्नो मिडिया माफर्त प्रचार प्रसार गर्ने राष्ट्रिय समाचार समितिका भक्तपुर प्रतिनिधि पत्रकार रमेश गिरी र बयान साप्ताहिकका प्रकाशक एंव सम्पादक अंकुरप्रसाद न्यौपानेलाई सम्मान गरिएको थियो ।

सोही समारोहमा विगतमा आफ्नो कार्यकाललाई सफतापूर्व नेतृत्व प्रदान गर्नुभएका पूर्व सभापति तुईलाल गोजा श्रेष्ठलाई सम्मान गरिएको थियो भने तात्कालिन कार्यसमितिमा रही आफ्नो सफल दायित्व निर्वाह गर्नुभएका उपसभापति, सचिव, कोषाध्यक्ष, सहायक सचिव र कार्यसमिति सदस्यहरुलाई पनि सो कार्यक्रममा सम्मान गरिएको थियो । संस्थाले क्षयरोगी विरामीहरुलाई लक्षित गरी जापान नेपाल स्वास्थ्य तथा क्षयरोग अनुसन्धान संस्था (जन्त्र)को सहकार्यमा थैली वितरण कार्यक्रम ल्याएकोमा सो कार्यक्रममा थैली वितरण गरिएको थियो । संस्थाका केन्द्रीय अध्यक्ष देवेन्द्रबहादुर प्रधानले थैलीमा पाँच सय रुपैयाँ राखी शाखाका सभापतिलाई थैली हस्तान्तरण गर्नुभयो ।

सस्थाका सचिव राम सिख्वःले स्वागत गर्नु भएको उक्त कार्यक्रममा नेपाल क्षयरोग निवारण संस्थका केन्द्रीय सहकोषाध्यक्ष महेन्द्रगोपाल कर्माचार्य, जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरका वरिष्ठ प्रशासक यशोदा अर्याल, सम्मानित व्यक्तित्व जनक कुमारी ढकाल, रमेश गिरी र संस्थाका केन्द्रीय अध्यक्ष देवेन्द्रबहादुर प्रधानले क्षयरोग सम्बन्धी विविध जानकारी सहित बधाई तथा शुभकामना मन्तव्य दिनु भएको थियो । कार्यक्रममा सस्थाका कोषाध्यक्ष प्रदिप शाक्यले धन्यवाद दिनु भएको थियो भने साँस्कृतिक नृत्य प्रदशन समेत भएको सो कार्यक्रम इमेज च्यानलका कृष्णकाजी मानन्धरले संचालन गर्नु भएको थियो ।

उद्घाटन कार्यक्रम पश्चात भएको जिल्ला सभाको बन्द शत्रमा सचिव राम सिख्वःद्वारा प्रस्तुत संस्थाको आ.व. २०७१/७२ को वार्षिक प्रतिवेदन तथा आ.व. २०७२/७३ को आगामी कार्यक्रमलाई छलफल गरी पारित गरियो । कोषाध्यक्ष प्रदिप शाक्यद्वारा प्रस्तुत आ.व. २०७१/७२ को आर्थिक प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन तथा आ.व. २०७२/७३ को अनुमानित आयव्यय विवरण छलफल गरी पारित गरिनुका साथै "क्षयरोग नियन्त्रण अभियान पुरस्कार नियमावली-२०७२"लाई सो सभाद्वारा अनुमोदन गरिएको संस्थाका कार्यालय सचिव हिरण्यप्रताप सांगामीले जानकारी दिनुभयो ।

Nepal Anti-Tuberculosis Association
P.O.Box:1494
Kalimati, Kathmandu ,Nepal
Tel: +977-1-4275395,4276451
Fax:+977-1-4270019
Email:nata@antitb.wlink.com.np
Website: www.antitb.org.np